# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## आरुघाट ,गोरखा
## गण्डकी प्रदेश ,नेपाल

**नदी जन्यपदार्थको बिक्री शुल्क उठाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

*प्रथम पटक प्रकाशन मितिः२०७८/०५/०१*

यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को लागि ठेक्का सम्बन्धी कागजातमा उल्लेखित शर्तमा यस गाउँपालिका क्षेत्रभित्रबाट बूढीगण्डकी नदी तथा स्तुलखोला,मौदी खोला, आर्खेतखोला बगरको नदीजन्य पदार्थ ढुंगा,गिट्टी तथा बालुवा सङ्कलन र बिक्री सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले निम्न लिखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी मिति २०७८/०४/३२ गतेको कार्यालयको निर्णयानुसार १५ दिने शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।सूचना प्रकाशन भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्म तथा कम्पनीहरुले ठेक्का सम्बन्धी कागजात खरिद गरी देहायको मिति,समय र स्थानमा शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध छ ।

**तपसिल**

| ठेक्का नं | ठेक्का विवरण | अधिकतम परिणाम (घ.मि.) | न्यूनतम ठेक्का अंक रु. (मु.अ.क.बाहेक) | दरभाउत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| | खण्ड क. | | | | |
| ARU/GOR/SQ/W/01/2078-079 | बुढी गण्डकी नदी दायाँ किनार आर्खेत फुटबल मैदान नजिक, बुढी गण्डकी नदी र आर्खेत खोलाको दोभान, शान्तिबजार, सिमरा गाउँ नजिक, चापानी, माने गौडा, अन्नपुर्ण मन्दिर नजिकको क्षेत्र | ४९२४.०० | १०,३८,९६४.००/- अक्षरमा : रु दश लाख अठतीस हजार नौ सय चौसट्ठी रुपैया मात्र | १,०००/- | कबोल अंकको ५ (पाँच ) प्रतिशत |
| | खण्ड ख : | | | | |
| ARU/GOR/SQ/W/02/2078-079 | स्तुल खोलाको झोलुंगे पुल छेउछाउ, स्तुल खोलाको दायाँ किनार वगुवा फाँट क्षेत्र, मोदी खोला लामा बगर क्षेत्र, स्तुल खोला वायाँ किनार झोलुंगे पुल नजिक र सरिघम्ता क्षेत्र | ५६५५.०० | ११,९३,२०५.००/- एघार लाख त्रियानब्बे हजार दुई सय पाँच रुपैया मात्र) | १,०००/- | कबोल अंकको ५ (पाँच ) प्रतिशत |

**आवश्यक कागजात तथा शर्तहरुः**

१. माथि उल्लेखित ठेक्काहरुको लागि छुट्टाछुट्टै दरभाउपत्र फारम खरिद गरी पेश गर्नुपर्ने छ । दरभाउपत्र आव्हानको सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी रीतपुर्वकको शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ । दरभाउ पत्र खरिद गर्दा निबेदन सहित फर्म ,संस्था वा कम्पनीहरुले ब्यबसाय दर्ता प्रमाण पत्र ,स्थायी लेखा नम्बर /मु.अ.क. करको दर्ता प्रमाणपत्र तथा संस्था नविकरण र आ.व.२०७६/०७७ सम्मको आयकर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपिका साथ पेश गर्नुपर्नेछ । दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६ औं दिन मिति २०७८/०५/१७ गते कार्यालय समयको १२ बजे भित्र पेश गर्नु पर्नेछ । दरभाउ पत्र खरिद गर्ने,दाखिलागर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ । म्याद नाघी आएको र रीत नपुगेको दरभाउ उपर कुनै कारबाही गरिने छैन ।

२. शिलबन्दी दरभाउपत्र दस्तुर आरुघाट गाउँपालिका राजस्व इकाई वा राष्ट्रिय बाणिज्य बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. ३२१०१००३०१०१०००२ मा जम्मा गरेको रसिद वा भौचर सहित खरिद गर्न सकिनेछ । शिलबन्दी दरभाउपत्र नियमानुसार खरिद भएको दरभाउपत्रको प्रत्येक पानामा सहीछाप र शिलबन्दी गरी खामबाहिर फर्मको नाम,ठेगाना, ठेक्काको नाम,नम्बर लेखी पेश गर्नुपर्ने छ । दरभाउपत्र

प्रमुख प्रशासकीय अधिकृत

३. दरभाउपत्र साथ धरौटी बापत कबोल गरेको अंकको कम्तिमा ५% ले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, आरुघाटको धरौटी खाता न. ३२१०१००३०३०१०००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा ७५ दिन मान्य अवधि भएको क बर्गको सक्कल बैंक जमानतपत्र पेश गर्नुपर्ने छ ।

४.. रीतपूर्बक दर्ता भइ पेश हुन आएका दरभाउपत्रहरु १६ औ दिन (मिति २०७८/०५/१७) गते १४:०० बजे कार्यालय प्रतिनिधि एवं दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधापर्ने छैन ।

५. दरभाउपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित ठेक्काको कवोल अंकको १३% ले हुने मु.अ. कर र १.५ % ले हुन आउने आग्रिम आय कर रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको प्रमाण र मु.अ.कर (VAT) बाहेक ठेक्का अंकको ५०% ले हुनआउने रकम यस कार्यालयको खातामा दाखिला गर्नु पर्नेछ र बाकि ५०% ले हुन आउने रकम बराबरको २०७९ साल आषाढ मसान्तसम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) सम्झौता गर्दाको समयमै पेश गर्नुपर्ने छ र बाकी ५०% रकम २०७८ साल चैत मसान्तसम्म नियमानुसार बुझाई सक्नुपर्ने छ । तोकिएको समय भित्र बाकी ५०% रकम दाखिला नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट किस्ता रकम अशुल उपर गरी अर्को व्यवस्था गर्न सकिनेछ ।

६. ठेक्का कायदिश लिएको मितिदेखि मात्र ठेक्का चलान गर्न पाइनेछ । साथै तोकिएको परिमाण उठाईसकेमा ठेक्का समयावधि समाप्त हुनेछ,तर नसकेको अवस्थामा ठेक्काको अवधि २०७८ साल जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

७. ढुंगा गिट्टी बालुवाको उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धमा केन्द्रीय अनुगमन समिति ,प्रदेश स्तरीय अनुगमन समिति,जिल्ला अनुगमन समिति एवं गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ ।

८. यस सुचनामा उल्लेख नभएका बिषयहरु आरुघाट गाउँपालिका ,गाउँ कार्यपालिकाको निर्णय ,सार्बजनिक खरिद ऐन ,२०६३ (संशोधन सहित),सार्बजनिक खरिद नियमावली २०६४ (संशोधित) एवं प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछ ।

९. ढुंगा गिट्टी बालुवाको उत्खनन संकलन तथा बिक्री कार्य गर्दा आरुघाट गाउँ कार्यपालिकाको कार्यालय, गोरखाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण .(IEE) प्रतिबेदनमा उल्लेखित शर्तहरुको पालना गर्नुपर्नेछ ।IEE प्रतिबेदनबारे तथा अन्य बिषयमा बुझ्न आवश्यक भएमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

२०७८।५।१।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत